# नेपाल परियोजना व्यवस्थापन संघ को
# विधान - २०६२

**प्रस्तावना,**

नेपालमा परियोजना व्यवस्थापनको पेशा, अध्ययन र व्यवसायलाई प्रवर्द्धन गर्ने गराउने उद्देश्यका साथ नेपाल परियोजना व्यवस्थापन संघ प्रचलित ऐन, कानूनको अधिनमा रही परियोजना व्यवस्थापनको सिद्धान्तलाई व्यवसायीकरण तथा परियोजना व्यवस्थापकहरुकाबिच पारस्परिक छलफल, विचार विमर्श, परामर्श तथा ~~तालिम~~ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका परियोजना व्यवस्थापन सम्बन्धी विज्ञहरु लगायत संघ संस्थाहरुबिच भेला, सम्मेलन लगायत अन्य परियोजना व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने उद्देश्यका साथ परियोजना व्यवस्थापनको क्षेत्रमा छाता संस्थाको रुपमा 'नेपाल परियोजना व्यवस्थापन संघ-२०६२' स्थापना गरीएको छ ।

परिच्छेद - १

## प्रारम्भ

१. **संस्थाको नाम** : यस संस्थाको नाम "नेपाल परियोजना व्यवस्थापन संघ" अंग्रेजीमा **'Project Management Association of Nepal'** भनिने छ र यसलाई छोटकरीमा **PMAN** भनिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं. १, थिरबम मार्ग, ज्ञानेश्वर, काठमाडौंमा** रहनेछ ।

(ख) संस्थाको कार्यक्षेत्र :- यस संस्थाको कार्यक्षेत्र ~~नेपाल अधिराज्यभर~~ हुनेछ । प्रचलित कानून बमोजिम स्थानीय अधिकारी तथा सम्बन्धित निकायहरुको पूर्व स्वीकृत प्राप्त गरी नेपाल अधिराज्यभर संस्थाको शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न सकिनेछ ।

(ग) प्रचलित कानून बमोजिम स्थानीय अधिकारी तथा सम्बन्धित निकायहरुको पूर्व स्वीकृत प्राप्त गरी संस्थाको उद्देश्य बमोजिम कार्य गर्न विश्वका जुनसुकै राष्ट्रहरुका सम्बन्धित संघ संस्थाहरुसँग सम्बन्ध विस्तार गरी संस्थाको उद्देश्य प्राप्तिका लागि कार्य गर्नेछ ।

(घ) यो विधान संघ संस्था ऐन, २०३४ बमोजिम काठमाडौं जिल्ला प्रशासन कार्यालयले स्वीकृति प्रदान गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :-

(क) "विधान" भन्नाले नेपाल परियोजना व्यवस्थापन संघ - २०६२ लाई बुझाउनेछ ।

(ख) "संस्था" भन्नाले विधानको दफा ३ बमोजिम स्थापित नेपाल परियोजना व्यवस्थापन संघलाई सम्झनुपर्दछ ।